**CMC Journal** ISSN: 2795-1588 (Print)

Received Date: Oct 20, 2025 Accepted Date: Feb 15, 2026

# दैलेखी लोकपद्यमा रस

गंगाप्रसाद रिजाल

महाकाली बहुमुखी क्याम्पस

Email: rijalishwar618@gmail.com

**सार**

प्रस्तुत अध्ययन दैलेखी लोकपद्यमा निहित रसको विश्लेषणमा केन्द्रित छ । दैलेख जिल्ला खस भाषिक क्षेत्रको महत्त्वपूर्ण भूभाग हो, जहाँ मौखिक परम्परामा आधारित समृद्ध लोकसाहित्य विकसित भएको पाइन्छ। लोकपद्यमा अभिव्यक्त मानवीय अनुभूति, संस्कार, सांस्कृतिक आस्था र जीवनदर्शनलाई पूर्वीय साहित्यशास्त्रको रस सिद्धान्तका आधारमा अध्ययन गर्नु यस लेखको प्रमुख उद्देश्य हो । यस अध्ययनमा पूर्वीय रस सिद्धान्तलाई सैद्धान्तिक पर्याधारका रूपमा ग्रहण गरी दैलेखी लोकपद्यमा प्रस्तुत श्रृङ्गार, हास्य, वीर, करुण, रौद्र, भयानक, बीभत्स, अद्भुत र शान्त रसको पहिचान र विश्लेषण गरिएको छ । अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ र पुस्तकालयीय विधिबाट सामग्री सङ्लन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा दैलेखी लोकपद्यसँग सम्बन्धित प्रकाशित लोकसाहित्यिक ग्रन्थहरूको प्रयोग गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा रस सिद्धान्त, लोकसाहित्य र समालोचनासँग सम्बन्धित ग्रन्थ तथा अनुसन्धान लेखहरूको उपयोग गरिएको छ । सङ्लित लोकपद्यलाई रस निष्पत्ति प्रक्रियाका आधारमा विश्लेषण गरी विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावको पहिचान गरिएको छ । अध्ययनको निष्कर्षअनुसार दैलेखी लोकपद्यमा पूर्वीय साहित्यशास्त्रीय रस सिद्धान्तका सबै प्रमुख रसहरू स्वाभाविक र प्रभावकारी रूपमा अभिव्यक्त भएको पाइन्छ। लोकपद्य मौखिक परम्परामा विकसित भए तापनि त्यसमा गहिरो साहित्यिक सौन्दर्य र सैद्धान्तिक संरचना विद्यमान रहेको देखिन्छ । यस अध्ययनले दैलेखी लोकपद्यको साहित्यिक मूल्य उजागर गर्नुका साथै लोकसाहित्य र शास्त्रीय साहित्यबीचको सैद्धान्तिक अन्तरसम्बन्ध स्पष्ट गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

*शब्दकुञ्जी:* अनुभाव, गाथा, डेउडा, दधिलेक, विभाव मागल

## विषय प्रवेश

लोक भनेको संसार हो । संसारमा मानवको उत्पत्तिकालदेखि नै जीवन जिउने क्रममा गर्नु परेका सङ्घर्ष, सुखदुख र विविध समयमा घटना तथा समग्र जीवन भोगाइबाट विविध कुराहरूको सिर्जना गर्दै आएको पाइन्छ । यिनै अनुभवहरूले जीवन जिउने कलाको विकास गरी मानव समुदाय अन्य प्राणीहरूभन्दा भिन्न रूपमा परिचित हुन पुगेको देखिन्छ । मानिसले एक अर्कासँग विचार आदानप्रदान गर्न भाषाको सिर्जना गऱ्यो । त्यही भाषाका माध्यमले विभिन्न घटनाहरूको वर्णन गर्ने, सुखदुःखका कुराहरू सुनाउने गर्दै जाने क्रम चल्यो । उक्त भाषाका माध्यमले समाजलाई शिक्षा दिन, मनोरञ्जन गर्न विविध किसिमका यथार्थ तथा काल्पनिक रचनाहरू मानिसको मानसपटलमा आए । तिनै कुराहरू पुस्तान्तरण हुँदै लोक साहित्यका रूपमा परिचित हुन पुगे । यसरी लोकमा परम्परादेखि मौखिक रूपमा एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका घटना वर्णन, कथा, गीत आदिले भरिदै गएपछि तिनीहरूलाई मानव जीवनका विविध पक्षसँग जोड्ने परम्पराको विकास भयो । त्यही कुरा निरन्तर रूपमा चल्दै आएपछि त्यसले लोक साहित्यको रूपमा मानिसले ग्रहण गरे । संसारका हरेक भाषा तथा भाषिक समुदायमा आआफ्नै किसिमको रीतिरिवाज, जीवनशैली तथा लोकसाहित्य रहेको हुन्छ ।

दैलेख जिल्ला कर्णाली प्रदेशमा प्रर्ने एक जिल्ला हो । यो जिल्लाको सदरमुकाम दैलेख बजार हो । दैलेख जिल्ला कर्णाली प्रदेश क्षेत्र अन्तर्गत पूर्वमा जाजरकोट उत्तरमा कालिकोट पश्चिममा अछाम र दक्षिणमा सुर्खेत जिल्लाका वीचमा रहेको पहाडी क्षेत्रमा अवस्थित छ । यसको कुल क्षेत्रफल १५०२ वर्ग कि.मी. रहेको छ । यस जिल्लाले नेपालको कुल क्षेत्रफलको १.०२ प्रतिशत भुभाग समेटेको छ । यस जिल्लाको नाम दैलेख रहनुको पछाडी विभिन्न किंवदन्तीहरू रहेको पाइन्छ । पौराणिक कालमा दधिचि महर्षिले तपस्या गरी बसेको स्थान हुनाले उनको नामबाट दधिलेक नाम रहन गएको र पछि अपभ्रंस हुदै दधिलेकबाट दैलेख नाम रहन गएको भन्ने किंवदन्ती पाइन्छ । त्यसै गरी यो क्षेत्र देवताहरूको निवासस्थान भएकोले यसलाई देवलोक भनिन्थो र पछि अपभ्रंस हुदै दैलेख नामाकरण हुन गएको भन्ने किंवदन्ती पनि रहेको पाइन्छ । यहाँ प्रशस्त मात्रामा दहि-दुध पाइने भएकाले दहिलेक भनिदै पछि दैलेख नाम रहन गएको भन्ने भनाइ पनि सुन्नमा आउँछ । जे जस्तो भए पनि यो क्षेत्र पहाड, नदी, ताल तथा वनजङ्गल आदिले यस जिल्लाको प्राकृतिक सौन्दर्यता बढाएका छन् । यस क्षेत्रका अधिकांश मानिसहरू परम्परागत कृर्षि पेशामा लागेको पाइन्छ । अधिकांश हिन्दुहरू रहेको यस क्षेत्रमा  विभिन्न जातजातीका मानिसहरूको बसोबास रहेको पाइन्छ । दैलेख जिल्ला बाइसे चौबिसे राज्यकालमा खस राज्यको शीतकालीन राजधानीको रूपमा परिचित छ

। यो क्षेत्र धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको छ । नेपाली भाषाको जन्मथलो । यो क्षेत्र खस सभ्यताको चिनारी दिने थुप्रै ऐतिहासिक सम्पदाहरूको पहिचान बोकेको जिल्ला हो । यस क्षेत्रमा रहेका थुप्रै पुरातात्विक देवलहरू, मठ मन्दिर, विभिन्न प्राचिन अभिलेख र कलाकारिताका उत्कृष्ट नमुनाहरू रहेको पाइन्छ । नेपालकै प्राचीन दुल्लु अभिलेख पनि यसै जिल्लामा रहेको पाइन्छ । यस क्षेत्रमा मनाइने विभिन्न चाँडपर्व, मेला, तथा विभिन्न सँस्कारहरूले यहाँको मौलिकता झल्काएको पाइन्छ । यस क्षेत्रमा विशेष गरी खस भाषाको प्रयोग गरिदै आएको पाइन्छ  जुन नेपाली भाषाको पनि जननीका रूपमा परिचित छ । यस क्षेत्रमा बोलिने भाषामा थुप्रै लोकसाहित्य रहेको पाइन्छ । यस क्षेत्रका लोक गाथा, लोक कथा, संस्कार गीत, आदिले यहाँको लोक साहित्यको भण्डारलाई भरिपूर्ण गरेको पाइन्छ । दैलेखी लोक साहित्य लोक गद्य, लोक पद्य र गद्यपद्य मिश्रित गरेर तिन किसिमको रहेको छ । यस क्षेत्रको लोक साहित्यको धेरैथोरै चर्चा एवम् खोज गरिएको भए पनि यसभित्रका थुप्रै कुराहरूको अध्ययन हुनु बाँकी रहेको छ । यस क्षेत्रको लोक पद्यहरूको सैद्धान्तिक अध्ययन विश्लेषण भएको पाइदैन । लोक पद्यमा पनि आधुनिक साहित्य जस्तै छन्द, लय, रस, अङ्कार आदि प्रशस्त मात्रमा रहेको भए पनि त्यसको अध्ययन तर्फ विस्तृत रूपमा कसैले पनि चासो देखाएको पाइदैन ।  लोक साहित्यले आधुनिक साहित्यको सिर्जनामा समेत महत्त्वपूर्ण योगदान दिने भएकाले यसमा भएका सैद्धान्तिक पक्षहरूको पनि खोजी हुनु आवश्यक देखिन्छ ।

प्रस्तुत अध्ययन दैलेखी लोकसाहित्य र त्यसमा अवस्थित रससँग सम्बन्धित भएकाले पूर्वीय साहित्यमा रसको उत्पत्ति तथा दैलेखी लोकपद्यमा रसको विद्यमान अवस्थाको बारेमा विश्लेषण गरिएको छ । दैलेखी लोकसाहित्यसँग सम्बन्धित यस अध्ययनले एकातिर हाम्रो लोक समाजलाई बुझ्न सघाउनेछ भने अर्कोतिर पश्चिमा संस्कृतितिर ढल्किदै गइरहेको हाम्रो समाजको ध्यान तान्ने छ । हाम्रो लोकसाहित्यको संरक्षण र प्रचारप्रसारकालागि यो अध्ययनको महत्त्व रहेको छ । त्यसै गरी लोक साहित्यका पारखीहरूकोलागि अध्ययन सामग्रीको रूपमा पनि यो काम लाग्नेछ । भविष्यमा दैलेखी लोकसाहित्यको अध्ययन गर्नेहरूलाई यसले मार्गदर्शन गर्नेछ । त्यसैगरी साहित्यको समालोचना एवम सैद्धान्तिक समालोचनाकालागि पनि यसले महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । दैलेखी लोकपद्यमा निहित रसको विश्लेषण गर्न व्याख्यात्मक तथा पाठ विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा लोकसाहित्यलाई केवल सांस्कृतिक अभिव्यक्तिका रूपमा मात्र नभई पूर्वीय

साहित्यशास्त्रीय दृष्टिकोणबाट अध्ययनयोग्य साहित्यिक पाठका रूपमा ग्रहण गरिएको छ । रस सिद्धान्तलाई सैद्धान्तिक आधार मानी दैलेखी लोकपद्यमा व्यक्त भावात्मक संरचना, सौन्दर्य र आस्वादन पक्षको विश्लेषण गरिएको छ ।

यस अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालयीय विधिमार्फत गरिएको छ । प्राथमिक सामग्रीका रूपमा दैलेखी लोकपद्यसँग सम्बन्धित प्रकाशित ग्रन्थ, लोकगाथा सङ्ग्रह, लोकगीत र लोककाव्यहरूलाई उपयोग गरिएको छ । विशेष गरी तिमिल्सेना (२०७७) द्वारा सङ्कलित दैलेखी लोकसाहित्यलाई प्रमुख प्राथमिक स्रोतका रूपमा लिइएको छ । द्वितीयक सामग्रीका रूपमा रस सिद्धान्त, लोकसाहित्य र अनुसन्धान पद्धतिसँग सम्बन्धित पाठ्यपुस्तक, अनुसन्धान लेख, जर्नल तथा समालोचनात्मक ग्रन्थहरूको प्रयोग गरिएको छ ।

सङ्कलित सामग्रीको विश्लेषण गर्दा रस निष्पत्ति प्रक्रियालाई मुख्य विश्लेषणात्मक ढाँचा बनाइएको छ । प्रत्येक लोकपद्यलाई सम्बन्धित रसका आधारमा वर्गीकरण गरी आलम्बन विभाव, उद्दीपन विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावको पहिचान गरिएको छ । त्यसपछि ती तत्त्वहरूको अन्तरसम्बन्धका आधारमा सम्बन्धित रसको निष्पत्ति व्याख्या गरिएको छ । अध्ययनको अन्त्यमा प्राप्त तथ्य र विश्लेषणका आधारमा निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत अध्ययनले दैलेखी लोकपद्यको रसात्मक मूल्यलाई व्यवस्थित र शास्त्रीय रूपमा उजागर गर्ने प्रयत्न गरेको छ ।

## सैद्धान्तिक पर्याधार

### रसको परिचय

'रस' शव्द संस्कृतको 'रस्' धातुबाट बनेको हो । दर्शनशास्त्रमा यसको अर्थ पदार्थका गुण भन्ने बुझिन्छ । साहित्यमा कुनै पनि साहित्यि रचना विशेषबाट आस्वादित हुने आनन्दानुभूतिलाई रस भनिन्छ (भण्डारी र पौडेल, २०८१, पृ.२४) । रसलाई संस्कृत साहित्यमा विभिन्न सन्दर्भ वा प्रसङ्गमा प्रयोग गरिएको पाइन्छ । व्युत्पत्ति अनुसार रसका दुई अर्थ छन् -१. आस्वादन अर्थमा : - 'रस्यते आश्वाध्यते इति रस' २. द्रवत्वका आधारमा 'रसते इति रसः' (पौड्याल, २०६४, पृ.२९) । रसको उल्लेख सर्वप्रथम गर्ने विद्वान आचार्य भरत मुनी हुन उनले आफ्नो नाट्यशास्त्रमा रससुत्रको व्याख्या गर्दै विभाव, अनुभाव, व्यभिचारी भावका संयोगले रसको निष्पत्ति हुने बताएका छन् । यसकारण रससुत्रका प्रवर्तक पनि आचार्य भरतमुनीलाई नै मानिन्छ । कुनै पनि साहित्यक रचना सुनेर वा पढेर मानिसमा उत्पन्न हुने भाव अर्थात साहित्यको आस्वादन पछि मानिसको मनमा मिल्ने आनन्द नै रस हो । समग्रमा भन्नुपर्दा रस भनेको साहित्यको आस्वादनबाट मिल्ने एक किसिमको आनन्द हो भन्न सकिन्छ । शव्द र अर्थको चमत्कारले मानव मनमा दिने आनन्द नै रस हो ।

## रसका प्रकार

रसका प्रकारहरूका बारेमा पूर्वीय आचार्यहरूमा मतभेद देखिन्छन् । आचार्य भरतले मूलतः श्रृङ्गार, वीर, रौद्र र विभत्स यी चार रसबाटै अरु रस पनि सहायकका रूपमा आउँछन् भनेका छन् । त्यसै गरी उद्भट र आनन्द वर्धनले  श्रृङ्गार, वीर, रौद्र र विभत्स हास्य, करुण भयानक र शान्त गरी नौ रस मानेका छन् । त्यसै गरी गोस्वामीले भक्तिरस थपी रसको सङ्ख्या दस भनेका छन् । समग्रमा भन्दा श्रृङ्गार, वीर, रौद्र, विभत्स, हास्य, करुण, भयानक, अद्भुत र शान्त गरी नौवटा रसहरूको व्याख्या गरिएको पाइन्छ (पौडेल, २०६४)।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययन पूर्वीय साहित्यशास्त्रको रस सिद्धान्तमा आधारित छ । पूर्वीय काव्यशास्त्रमा साहित्यिक आस्वादनको मूल तत्त्वका रूपमा रसलाई स्वीकार गरिएको पाइन्छ। 'रस' संस्कृतको 'रस्' धातुबाट व्युत्पन्न शब्द हो, जसले आस्वादन र आनन्दानुभूतिलाई जनाउँछ । साहित्यिक रचना पढ्दा वा सुन्दा पाठक वा श्रोताको मनमा उत्पन्न हुने आनन्दात्मक अनुभूति नै रस हो (पौड्याल, २०६४) । रसको सैद्धान्तिक प्रतिपादन सर्वप्रथम आचार्य भरतमुनिले नाट्यशास्त्रमा गरेका हुन् । भरतमुनिले विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुने स्पष्ट सूत्र प्रस्तुत गरेका छन्, जसलाई रससूत्रका रूपमा चिनिन्छ (भण्डारी र पौडेल, २०८१) । यसै सिद्धान्तलाई आधार मानी आनन्दवर्धन, विश्वनाथ र जगन्नाथजस्ता आचार्यहरूले रसलाई काव्यको आत्मा वा जीवनतत्त्वका रूपमा स्वीकार गरेका छन् ।

रस निष्पत्तिका लागि आवश्यक तत्त्वहरूलाई रस सामग्री भनिन्छ, जसमा विभाव, अनुभाव, व्यभिचारी (सञ्चारी) भाव र स्थायी भाव पर्दछन् । विभावले स्थायी भावलाई उद्दीप्त गर्ने कार्य गर्छ र यसअन्तर्गत आलम्बन र उद्दीपन विभाव पर्दछन् । अनुभावले आन्तरिक भावलाई बाह्य रूपमा अभिव्यक्त गर्छ भने व्यभिचारी भावहरूले स्थायी भावलाई सहकार्य प्रदान गर्छन् । स्थायी भाव नै अन्ततः रसका रूपमा रूपान्तरण हुन्छन् (पौड्याल, २०६४)। पूर्वीय साहित्यशास्त्रअनुसार रति, हास्य, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय र निर्वेद गरी नौ स्थायी भाव र तिनैबाट क्रमशः श्रृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त रसको निष्पत्ति हुने मान्यता स्थापित छ (भण्डारी र पौडेल, २०६८)।

यस अध्ययनमा दैलेखी लोकपद्यलाई रस सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ। लोकसाहित्य मौखिक परम्परामा विकसित भए तापनि त्यसमा पूर्वीय काव्यशास्त्रका सैद्धान्तिक तत्त्वहरू स्वाभाविक रूपमा विद्यमान छन् भन्ने मान्यतालाई यस अध्ययनको सैद्धान्तिक आधार

बनाइएको छ। दैलेखी लोकपद्यमा व्यक्त प्रेम, वीरता, शोक, क्रोध, भय, घृणा, आश्चर्य र वैराग्यजस्ता भावहरू रसका रूपमा कसरी अभिव्यक्त भएका छन् भन्ने पक्षको विश्लेषण रस सिद्धान्तमार्फत गरिएको छ। यसरी प्रस्तुत अध्ययनले लोकसाहित्य र शास्त्रीय साहित्यबीचको सैद्धान्तिक अन्तरसम्बन्धलाई स्पष्ट गर्दै दैलेखी लोकपद्यको साहित्यिक मूल्य र सौन्दर्यलाई स्थापित गर्ने लक्ष्य राखेको छ ।

## दैलेखी लोक पद्यमा रस

दैलेख जिल्ला भाषा, कला, साहित्य, इतिहास, पुरातत्त्व आदि विविध विषयमा समृद्ध रहेको छ । नेपाली भाषाको जननी खस भाषा यहाँको लोकभाषा हो । यस भाषामा विभिन्न संस्कारहरू तथा सांस्कृतिक उत्सवहरूमा प्रस्तुत गरिने थुप्रै लोकसाहित्य रहेको छ । यस्ता लोकसाहित्यिक विषयवस्तुहरूमा पूर्वीय साहित्यशास्त्रीय छन्द, अंलकार, बिम्ब, प्रतीक, रस आदिले भरिपूर्ण रहेको छ । दैलेखी लोकसाहित्यमा  विभिन्न रसहरूको प्रयोग भएको पाइन्छ । जसलाई यसरी देखाउन सकिन्छ :

**क) श्रृङ्गार रस**

परस्पर प्रेममा बाधिएका नायक नायिकाको एकअर्काप्रतिको अनुरागको वर्णन भएमा श्रृङ्गार रसको उत्पत्ति हुन्छ । श्रृङ्गारको अर्थ कमोद्रेकको अवस्था हो । यो संयोग र वियोग गरी दुई प्रकारको हुन्छ । दैलेखी लोक साहित्यमा ढटाहा गाथा रहेको छ उक्त गाथामा सिँगारमाल नामक कन्याको प्रेम प्रसङ्ग र विवाहका कुरा यसमा आउँछन् सुन्दर सिँगारमाला विवाहको परिनमा सजिदा उसको जवानी रुपसौन्दर्यको वर्णन गर्दा श्रृङ्गाररसको उत्पत्ति भएको पाइन्छ ।

शिरकी घयता त टलकन लागि
डोटीहार सिँगारमाला मलकन लागि
उपरिको बाँनिया त धन्न लोभ लाग्यो
शिरको सिन्दुर पहिरी टलकन लागि
बजाइ अल्या बाँसुरीअ ढुङ्गिमाथि बसी (तिमिल्सेना, २०७७ पृ.२७१ )
बासुरीका स्वरले त सिगारमाला उठी
खुशस्भया ढटाहाज्यू अंगालो मारी हाल्या
खुशीभैन सिगारमाला अंगालो हालिन  । (तिमिल्सेना, २०७७ पृ.२७३ )

प्रस्तुत लोकपद्यमा बेहुली आलम्बन विभावको रूपमा उपस्थित भएकी छिन् भने उसको श्रृङ्गारमा प्रयोग भएका शिरमा लगाएको घगिया, सिँगारमाला, शिरको सिन्दुर उद्दिपन विभाव हुन् ।

बेहुलीको श्रृङ्गार देखेर प्रसन्न हुनु, बेहुलीलाई अँगालो हाल्नु, बासुरीको धुन सुनाउनु, अचम्म पर्नु, सुन्दर रूपलाई हेर्नु अनुभाव हो । बेहुलीको रूपप्रति मोहित हुनु, अचम्म पर्नु व्यवभिचारी वा सञ्चारी भाव हुन् भने यसको स्थायी भाव प्रेम हो । यसरी यस लोकपद्यमा श्रृङ्गार रसको निष्पत्ति भएको पाइन्छ ।

**ख) हास्य रस**

शारीरिक, मानसिक, भाषिक आदि विकृति र विसङ्गतिहरूलाई देख्दा हास्य रस उत्पन्न हुन्छ । हास्यास्पद व्यक्ति वा वस्तु आलम्वन विभाव, विकृत रुप क्रियाकलाप उद्दिपन, मुख बाउनु आदि अनुभाव र रोमान्चआदि व्यभिचारी भाव र हाँसो स्थायी भाव हो । :दैलेखी लोकसाहित्यमा बच्चाहरूलाई खुशी गराउन गाइने काउकुती गीतमा हास्य रस पाइन्छ, जुन यसप्रकार छ :

ए चिल्या बुढी आइछ

ए केटाकेटी ल्याइछ

ए भात पकाइछ

ए काउकुती लाइछ (तिमिल्सेना,२०७७, पृ.२२३ ) ।

प्रस्तुत दैलेखी लोकपद्यमा काउकुती लगाउने चिल्या बुढी आलम्बन विभाव हो । चिल्या बुढीको शारीरिक चेष्टा, काउकुती आदि उद्दिपन विभाव हुन् । चिल्या बुढीको शारीरिक चेष्टा तथा उसले गरेका क्रियाकलापले प्रसन्न हुनु, हाँस्नु, हाँस्दाखेरी पेट दुख्नु, छटपिट हुनु अनुभावका उदाहरण हुन् भने हर्ष, चपलता आदि व्यभिचारी वा सञ्चारी भाव र हाँसो स्थायी भाव हो । यसरी यस लोकपद्यमा हास्य रसको निष्पत्ति भएको छ ।

**ग) वीर रस**

युद्ध, दया, दान र धर्म सम्बन्धी कार्यमा उत्साह र सक्रियतापूर्वक काम भयो भने वीर रस उत्पन्न हुन्छ । यसको स्थायी भाव उत्साह हुन्छ । शत्रु, माग्ने आदि आलम्बन विभाव, उनीहरूले गरेको प्रशंसा आदि उद्दिपन, सत्कार, रोमाञ्च आदि अनुभाव, धैर्य गर्व आदि व्यभिचारी भाव हुन् । दैलेखी लोक गाथामा बाला राजा काशीरामको भारतमा मोरङका राजा हिन्दपति सेनसँग लडाँई गरेर आफ्ना चार पुर्खा मारेको बदला लिने अठोटमा युद्धको तयारी दर्गाको प्रसङ्गमा बीर रसको लोक पद्य प्रस्तुत गरिन्छ जुन यसप्रकार रहेको छ

उफड माऱ्या राजाले गरख्याका जसो

समर दन्दुभी घन्कन लाग्या, समर दुन्दुभी

जोडी हुड्का बाज्या शैया जोडी हुड्का

छत्तिस नगारा बाज्या शैया बत्तीस डगरा बाज्या (तिमिल्सेना, २०७७, पृ.२३४) ।

प्रस्तुत दैलेखी लोकपद्यमा युद्धका लागि तयार भएका राजा आलम्बन विभाव, दुन्दुभी, जोडी हुक्का, नगारा उद्दिपन विभाव हुन् । त्यसैगरी युद्धको लागि बजेका बाँजाहरूको ध्वनिले शरीरमा उत्तेजना पैदा हुनु, रौ ठाडो हुनु आदि अनुभाव र युद्धका लागि उत्साह, आवेग आदि व्यभिचारी वा सञ्चारी भाव र युद्धवीरको उत्साह स्थायी भाव हो । यसरी प्रस्तु दैलेखी लोकपद्यमा वीर रसको निष्पत्ति भएको छ ।

**घ) करुण रस**

पुत्रादी प्रियजनसितको वियोग वा तिनको विपित्ति वा मरण देखेर सुनेर मनमा हुने विकलताबाट करुण रसको उत्पत्ति हुन्छ । यसमा शोक स्थायी भाव रहेको हुन्छ भने मृत प्रियजन आलम्वन विभाव मुख दर्शन, शवदर्शन उद्दिपन विभाव, रोदन, विलाप अनुभाव र चिन्ता मुर्छा व्यभिचारी भाव यसमा देखिन्छन् । दैलेखी लोक पद्यमा बालाराजा काशीरामको भारतमा राजा काशीरामकी आमाले आफ्ना आफन्तहरू युद्धमा मारिएकोमा शोक प्रकट गरेको पाइन्छ जसमा करुण रसको उत्पत्ति भएको पाइन्छ ।

तम्रा बराजु चन्द्रभान गया मोरडै रह्या

तम्रा जिजु सूर्यभान गया मोरडै रह्या

तम्रा काका कालिभान गया मोरडै रया

हो बाला काशीराम मेरो बोल सुन (तिमिल्सेना, २०७७, पृ.२३१) ।

प्रस्तुत लोकपद्यमा चन्द्रभान, कालिभान लगायतका व्यक्तिहरू मोरडको युद्धमा मृत्यु भएको प्रसङ्ग आएको छ । यसमा मृतक चन्द्रभान, कालिभान आदि आलम्बन विभाव, कालिभानले पनि युद्धमा जान लाग्दाको अवस्था उद्दिपन विभाव, छोरो युद्धमा जाँदा आमालाई दुख्ख लाग्नु, रुनु, आदि अनुभाव र मरण, पीडा, चिन्ता आदि व्यभिचारी वा सञ्चारी भाव हुन् । यसको स्थायी भाव शोक हो ।

**ङ) रौद्र रस**

शत्रुको अपमानपूर्ण व्यवहार, देश र धर्मको अपमान आदि घृणित कुराबाट रौद्र रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव क्रोध वा रिस हो । सत्रु आलम्बन विभाव, विपक्षीका अनुचित व्यवहार उद्दिपन विभाव, आँखा, मुख रातो हुनु अनुभाव प्रतिकार गर्ने चाहाना व्यभिचारी भाव हुन् । दैलेखी धमारीमा सिता रावणले सिता हरण पश्चात् भएको राम रावण युद्धमा हनुमान, लक्ष्मण आदि

रिसाएर रावणमाथि प्रहार गर्न खोजेको पसङ्गमा रौद्र रसको उत्पत्ति भएको पाइन्छ , जुन यसप्रकार छ :

छोडिदेन गडलैका रावन

छोडिदे गडलैका

जैसे हनुमान अगौली जुजे

तैसे बरसला साउन (तिमिल्सेना, २०७७, पृ.११५ )

प्रस्तुत दैलेखी लोकपद्यमा राम रावण युद्धको वर्णन गरिएको छ। राम, हनुमान आदि आलम्बन विभावका रूपमा देखा परेका छन् भने रवणद्वारा सीताको हरण गरिनु उद्दिपन विभाव हो। छोडिदे गडलैका रावन भनेर हनुमानले कठोर वचन बोल्नु अनुभाव, हनुमान आवेगमा आएर अगौली जुज्नु व्यभिचारी वा सञ्चारी भाव हो। हनुमानको क्रोध स्थायी भाव हो। यसरी दैलेखी लोकपद्यमा रौद्र रसको निष्पत्ति भएको छ।

**च) भयानक रस**

डरलाग्दो वस्तु देख्नाले वा स्मरण गर्नाले भयानक रस उत्पन्न हुन्छ। यसको स्थायी भाव भय हो। डरलाग्दो रुप आलम्बन विभाव, हिंसात्मक कार्य उद्दिपन विभाव, पसिना आउनु, कराउनु व्यभिचारी भाव र त्रास, आवेग सञ्चारी भाव हुन्। दैलेखी लोक गीतमा भयानक रस यसरी उपस्थित भएको पाइन्छ।

राक्षस मार्नलाइ आयो ठूला खुट्टा टेकी

बानर भागन लाग्या कुम्भकर्ण देखी

प्रस्तुत दैलेखि लोकपद्यमा भयानक रसको निष्पत्ति भएको छ। भयानक रस निष्पत्ति गर्नमा कुम्भकर्ण आलम्बन विभाव, कुम्भकर्णको विराट भयानक रूप उद्दिपन विभाव, बानर सेनामा डर पैदा हुनु, डरले बानरसेना भाग्नु अनुभाव हो भने कुम्भकर्णको भयानक रूप र ठूला खुट्टादेखेर डरले थर्थर काप्नु उद्दिपन विभाव हो। यसमा स्थायी भावको रूपमा डर वा भय प्रस्तुत भएको छ। यसरी दैलेखी लोकपद्यमा भयानक रसको निष्पत्ति भएको छ।

**छ) बीभत्स रस**

कुनै घृणित वस्तुलाई देखेर उत्पन्न हुने क्षोभ अथवा जुगुप्सा नै बीभत्स रस हो। घृणित वस्तु आलम्बन विभाव, घिनलाग्दो चेष्टा उद्दिपन, नाक थुन्नु व्यभिचारी भाव र घृर्णा स्थायी भाव हो। दैलेखी लोकगीतमा बीभत्स रसको प्रयोग यसरी भएको पाइन्छ :

खुट्टामा भएको घाउ पिप घलघल

झिगा बस्या तसै माथि मन थलथल

प्रस्तुत दैलेखी लोकपद्यमा युद्धमा घाइते भएका सैनिकहरूको घाउ पाकेर पिप बगिरहेको अवस्थाका बारेमा वर्णन गरिएको छ । सैनिकहरू घाइते भएर झिगा घाउमा बसेर पिप खाइरहेका छन् । यस्तो अवस्थामा सैनिकहरूको पाकेको घाउ हुनु आलम्बन विभाव, घाउमा पिप बग्नु, झिगा भन्किनु उद्दिपन विभाव, थुक्नु, मुख फर्काउनु, आँखा चिम्लिनु आदि अनुभाव, ग्लानि, आवेग आदि व्यभिचारी वा सञ्चारी भाव र घृणा स्थायी भावका रूपमा व्यक्त भएको छ । यसरी दैलेखी लोकपद्यमा बीभत्स रसको निष्पत्ति भएको पाइन्छ ।

**ज) अद्भुत रस**

अचम्म लाग्दा वस्तु देखेर वा त्यसै किसिमका कुरा सुनेर उत्पन्न हुने आश्चर्यभावबाट अद्‌भुत रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव आश्चर्य, असाधारण व्यक्ति, वस्तु आलम्बन, विश्मयपूर्ण दृश्य उद्दिपन र चञ्चलता आदि व्यभिचारी भाव हुन् । दैलेखी धमारीमा कृष्णले कालीकागको शिरमा नाच्दाको प्रसङ्गमा गाइने भारतमा अद्‌भूत रसको उत्पत्ति भएको पाइन्छ, जुन यसप्रकार छ :

नाचन लाग्या कृष्णबाला नाचन लाग्या कृष्णबाला

हा हो काली र नागैका शिरैमा (तिमिल्सेना, २०७७, पृ.११०)

प्रस्तुत दैलेखी लोकपद्यमा कृष्णले कालिनागको शिरमा नाचेको प्रसङ्ग प्रस्तुत भएको छ । बालक कृष्ण आलम्बन विभाव, कालिनागको शिरमा गएर नाच्नु उद्दिपन विभाव, दर्शकहरू भावविह्वल भएर छक्क पर्नु अनुभाव, उत्सुकता आदि व्यभिचारी भाव आश्चर्य वा विस्मय स्थायी भावका रूपमा देखिएका छन् । यसरी दैलेखी लोकपद्यमा अद्‌भुत रसको निष्पत्ति भएको छ ।

**झ) शान्त रस**

संसारको अनित्यता निःसारताको बोधबाट उत्पन्न हुने वैराग्यपूर्ण चित्तवृत्तिबाट शान्त रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव वैराग्य हो । निःसार संसार या परमात्मा उद्दिपन, सात्विक रोमाञ्च अनुभाव, हर्ष, स्मृति, विरक्ति व्यभिचारी भाव हुन् । दैलेखी लोकलयमा गाइने हरिभजनमा शान्त रसको उपस्थिति पाइन्छ ।

हरि भजन गाइरहनु होला

फेरी फेरी पाइदैन यो चोला (तिमिल्सेना, २०७७ पृ.१८९) ।

प्रस्तुत लोकपद्यमा हरि अर्थात् परमात्मा आलम्बन विभाव, पुण्य स्थान, धार्मिक वातावरण अउद्दिपन विभाव, चेतनाको जागरण अनुभाव र शान्त स्थायी भावका रूपमा देखा परेका छन् । यसरी दैलेखी लोकपद्यमा शान्त रसको निष्पत्ति भएको पाइन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययन दैलेखी लोकपद्यमा निहित रसात्मक संरचनाको पूर्वीय साहित्यशास्त्रीय रस सिद्धान्तका आधारमा गरिएको विश्लेषण हो । अध्ययनले दैलेख जिल्लामा मौखिक परम्परामा विकसित लोकपद्यहरू केवल सांस्कृतिक अभिव्यक्ति मात्र नभई सुदृढ साहित्यिक सौन्दर्य र सैद्धान्तिक संरचना बोकेका महत्वपूर्ण साहित्यिक पाठहरू हुन् भन्ने तथ्य स्थापित गरेको छ । रस सिद्धान्तलाई सैद्धान्तिक पर्याधारका रूपमा ग्रहण गरी गरिएको विश्लेषणबाट दैलेखी लोकपद्यमा श्रृङ्गार, हास्य, वीर, करुण, रौद्र, भयानक, बीभत्स, अद्भुत र शान्त गरी नौवटै प्रमुख रसहरू स्वाभाविक, प्रभावकारी र सन्दर्भानुकूल रूपमा अभिव्यक्त भएको स्पष्ट देखिएको छ ।

दैलेखी लोकपद्यमा रस निष्पत्तिका तत्त्वहरू–विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भाव–लोकजीवन, संस्कार, धार्मिक विश्वास, ऐतिहासिक स्मृति र सामूहिक भावनासँग घनिष्ठ रूपमा आबद्ध छन्। लोकगाथा, संस्कारगीत, धमारी, डेउडा, भजन तथा बालगीतजस्ता विधामा रसको अभिव्यक्ति कुनै योजनाबद्ध शास्त्रीय अभ्यासबाट होइन, सामूहिक जीवनानुभवको स्वाभाविक परिणामका रूपमा विकसित भएको पाइन्छ । यसले लोकसाहित्यमा पूर्वीय काव्यशास्त्रका सैद्धान्तिक तत्त्वहरू स्वतः विद्यमान रहने तथ्यलाई थप पुष्टि गरेको छ ।

अध्ययनका निष्कर्षले दैलेखी लोकपद्यमा प्रेम, वीरता, शोक, क्रोध, भय, घृणा, विस्मय र वैराग्यजस्ता मानवीय अनुभूतिहरू गहिरो भावनात्मक तहमा अभिव्यक्त भएको देखाउँछ, जसले लोकपद्यलाई आस्वादनयोग्य साहित्यिक कृतिका रूपमा स्थापित गर्छ । यस सन्दर्भमा दैलेखी लोकपद्य लोकसाहित्य र शास्त्रीय साहित्यबीचको सेतुका रूपमा उभिएको देखिन्छ ।

समग्रमा, प्रस्तुत अध्ययनले दैलेखी लोकपद्यको रसात्मक मूल्य, साहित्यिक गरिमा र सैद्धान्तिक महत्त्वलाई उजागर गर्दै नेपाली लोकसाहित्य अध्ययनमा रस सिद्धान्तको प्रयोग सम्भव र आवश्यक रहेको निष्कर्ष निकालेको छ। यसले भविष्यमा दैलेखी लोकसाहित्य मात्र नभई अन्य क्षेत्रीय लोकसाहित्यको पनि शास्त्रीय र सैद्धान्तिक अध्ययनका लागि मार्ग प्रशस्त गर्ने अपेक्षा गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री

तिमिल्सेना, नारायणप्रसाद (२०७७) *दैलेखी लोकसाहित्य,* दैलेख, दुल्लु नगरपालिका ।

पन्त, देवकान्त (२०३२), *डोटेली लोकसाहित्य,* काठमाडौँ, एशियाली अनुसन्धानकेन्द्र, त्रिभुवन विश्वविद्यालय ।

पौड्याल, कृष्णविलास (२०६४), *साहित्यशास्त्र र नेपाली समालोचना,* नवीन प्रकाशन, काठमाण्डौँ ।

पौडेल, माधवप्रसाद (२०६७), *साहित्य शास्त्र नेपाली समालोचना र शोधविधि,* भोटाहिटी, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र डा. माधव प्रसाद पौडेल (२०८१) *साहित्यशास्त्र र नेपाली समालोचना,* काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।